

*विष्णुविक्रान्त, संवत् ३८९, लाजिम्पाट (हाल राष्ट्रिय सङ्ग्रहालय)*

# अभिलिखित लिच्छविकालीन मूर्ति विष्णुविक्रान्त : विश्लेषणात्मक विमर्श

ओम खत्री


**लेखसार**

**विष्णुविक्रान्त मूर्तिहरू वैष्णव दर्शनमा आधारित विभव अर्थात् अवतारका उद्भृत (रिलिफ) मूर्तिहरू हुन् । यी मूर्ति लिच्छविकालीन अभिलेखमा उत्कीर्णित स्मारकीय विशेषता भएका मूर्ति रचनामध्ये हालसम्म प्राप्य सर्वाधिक प्राचीन मूर्तिका रूपमा चिनिन्छन् । यस लेखमा एउटै कालमा रचित दुई ओटा मूर्ति रचनाबिच दृश्यमान कला पक्ष र आख्यानको संयोजनलाई विश्लेषणात्मक विमर्श गर्ने प्रयास गरिएको छ । श्रीमद्भागवत महापुराण, विष्णुधर्मोत्तर पुराण र मत्स्य पुराणलगायतका धार्मिक ग्रन्थहरूमा उल्लिखित बलिहरण कथाका आधारमा यी मूर्तिहरू रचना गरिएका छन्। यी मूर्ति लोक कल्याणहेतु विष्णुले धारण गरेका विभिन्न अवतारका प्रकरणमध्ये वामन अवतारको प्रसङ्गमा आधारित रहेका छन्। संवत् ३८९ को राजा मानदेवको अभिलेखसहितका यी मूर्तिले ऐतिहासिक एवम् धार्मिक महत्त्व बोकेका छन्। एउटा मूर्ति तिलगङ्गा पशुपतिमा रहेको छ भने अर्को लाजिम्पाट धोबीचौरमा स्थापना गरिएको र हाल राष्ट्रिय सङ्ग्रहालयको सङ्कलनमा रहेको छ। एउटै तिथिमितिका र एउटै विषयवस्तुमा आधारित रहे तापनि शिल्पगत पक्षका दृष्टिले उल्लिखित मूर्तिहरूमा केही पृथकता दृष्टिगोचर हुन्छ ।**


## पृष्ठभूमि

कलाविद् प्रतापदित्य पालका अनुसार हालसम्म उपलब्ध प्रमाणहरूका आधारमा मनन गर्दा नेपाली मूर्तिकलाको प्रमाणिक समय इस्वी संवत् पहिलो शताब्दी वा सोभन्दा अलि अगाडिलाई मान्न सकिन्छ ।

नेपालको कला इतिहास संवत् १०७ (इ. सं. १८५) को राजा जय वर्माको प्रतिमा र पाँचौं शताब्दीको अर्को धार्मिक मूर्तिदेखि मात्र स्पष्ट भएको छ । नेपाली कलाको इतिहासमा लिच्छवि काललाई 'सुवर्ण युग' भन्छन् (बाङ्गदेल, २०३४) ।

संवत् ३८६ मा राजा मानदेवले चाँगुनारायणमा स्तम्भ अभिलेख स्थापना गरेको तिन वर्षपछि (संवत् ३८९) आफ्नी आमाको पुण्य बढोस् भन्ने अभिप्रायले विष्णुविक्रान्तका दुई ओटा मूर्तिहरु बनाउन लगाई स्थापना गरेका थिए ।

ऐतिहासिक एवम् धार्मिक दुवै दृष्टिले महत्त्वपूर्ण यी मूर्तिहरु संवत् ३८९, वैशाखशुक्लका दिन राखिएका मूर्तिहरु हुन् (वज्राचार्य, २०३०) ।

तिनलाई धार्मिक विषयगत संरचनाका आधारमा एउटै विधि, शैली एवम् माध्यममा बनाइएका स्मारकीय (monumental) विशेषतायुक्त उद्भृत (रिलिफ) मूर्तिका रूपमा लिन सकिन्छ । भगवान् विष्णुले तिन पाइलामा तिनै लोकलाई नापेका कारण उनलाई त्रिविक्रम विष्णु भनिएको महाभारतको अनुशासन पर्वमा उल्लिखित श्लोक – 'आनन्दो नन्दनो नन्दः सत्यधर्म त्रिविक्रमः' लाई इन्दुमती मिश्र (पृ. २०६) र सन्ध्या खनालले उल्लेख गरेका छन् (पृ. १३९-४०) ।

तिथिमितिसमेत उल्लिखित वैष्णव मूर्तिको निर्माणको परम्परा इस्वी संवत् पाँचौं शताब्दीदेखि मात्र प्रारम्भ भएको देखिन्छ (बाङ्गदेल, २०३९, पृ. ११०) ।


तुलनात्मक दृष्टिले त्रिविक्रम वामन अर्थात् विष्णुविक्रान्तका मूर्तिहरूको रचनाको इतिहास भारतमा भन्दा नेपालमा प्राचीन र परिष्कृत रहेको ज्ञात हुन्छ । हालसम्म प्राप्य अभिलिखित प्राचीन धार्मिक कथानक यी मूर्तिहरु लोक कल्याणका लागि भगवान् विष्णुले समय समयमा लिएका अवतारमध्ये पाँचौं वामन अवतारसँग सम्बिन्धित रहेका छन् ।

एउटा मूर्ति पशुपति तिलगङ्गा चक्रपथ नजिकै सुरक्षाको पर्खाइमा रहेको छ । चक्रपथ निर्माणका क्रममा यस मूर्तिलाई हालको स्थानमा लगेर राखिएको कुरा मुकुन्द अर्यालले अन्तर्वार्ताका क्रममा बताएका थिए ।

अर्को मूर्ति लाजिम्पाटको धोबीचौर स्थित कमल स्वरूपको मन्दिर बनाई स्थापना गरिएको थियो भन्ने उल्लेख भएको भए तापनि त्यो मन्दिर हाल अस्तित्वमा रहेको पाइँदैन् । हाल यो मूर्ति राष्ट्रिय सङ्ग्रहालयको सङ्कलनमा रहेको छ ।

यसै प्रकरणमा चाँगुनारायण मन्दिर परिसरमा रहेको आठौं शताब्दीको विष्णुविक्रान्त मूर्ति पनि महत्त्वपूर्ण रहेको छ । चाँगुनारायण मन्दिरको काष्ठ टुँडालमा विष्णुविक्रान्तको तिन शिर र तिन पाउहरु भएको मूर्ति बनाइएको पाइन्छ । त्यस्तै, फर्पिङको शिखरनारायण मन्दिरको चौधौं शताब्दीको प्रस्तर फलकमा निर्मित विष्णुविक्रान्तको मूर्तिमा विषयवस्तुको समानता देखिन्छ भने शैली र प्रस्तुतिमा भने नितान्त भिन्नता पाइन्छ ।

पौराणिक अख्यानअनुसार भगवान् विष्णुका अनन्य भक्त प्रह्लादका नाति विरोचनका पुत्र दैत्यराज



*विष्णविक्रान्त, चाँगुनारायण, इस्वी संवत् आठौं शताब्दी*

बलिले देवराज इन्द्रलाई परास्त गरी उनको राज्य जित्छन् । आफ्ना पुत्रले राज्य गुमाएकामा इन्द्रकी आमा अदिति निकै दुःखी हुन्छिन् । उनले विष्णुको आराधना गरी आफ्नो पुत्रका रूपमा जन्म लिएर इन्द्रको गुमेका राज्य फिर्ता गराउन गरेको अनुनयका कारण अदितिका गर्भबाट त्रिविक्रम वामनले जन्म लिन्छन् । युवा वामनले बलिको दरबारमा गई दानस्वरूप अग्नि स्थापनाका लागि तिन पाउ जमिनको माग गर्छन् ।

बलिले ती वटुक अर्थात् बालब्रह्मचारी वामन भिक्षुकलाई सत्कारमा के उपहार टक्र्याउँ भनी विन्ती गर्दा गुरू शुक्रचार्यले ती भिक्षुक पक्कै विष्णु नै हुन् भन्ने बुझी राजा बलिलाई सचेत गराउँछन् । परन्तु बलिले त्यसको कुनै चिन्ता नलिईकन हातमा जल लिई सङ्कल्प गर्न तयार हुन्छन् । तत्क्षण वामन रूपधारी  विष्णुले आफ्नो विक्रान्त अर्थात् पराक्रमी स्वरूप धारण



*विष्णविक्रान्त, चाँगुनारायण, टुँडाल*



*वामन अवतार, भारत*

गर्छन् । उनको एउटा पाउले सम्पूर्ण भूलोक लिन्छ भने अर्को पाउले पृथ्वी र स्वर्गको बिचको अन्तरिक्ष लोक लिन्छ ।

बलिको वचनबद्धताअनुसार बाँकी तेस्रो पाउलाई मापन वा राख्न केही बाँकी रहँदैन । तब विष्णुले अर्को पाउबाट बलिलाई पाताल पु¥याउँछन् । अन्ततः अदितिको इच्छा पूर्ण गर्दै बलिद्वारा शासित देवराज इन्द्रको तिन ओटै राज्य फिर्ता लिन सफल हुन्छन् । यसै प्रकरणलाई मूर्तिमा साकार पार्नु नै त्रिविक्रम विष्णु वा वामन अवतारको यस मूर्तिका मूर्तिकारको प्रमुख उद्देश्य रहेको देखिन्छ (Rao, 1914, pp. 162-63) ।

## विष्णुविक्रान्त (वामन) मूर्ति र प्रतिमा लक्षण

प्रतिमा विज्ञानअनुसार वामनको आकृतिलाई पाँच तालमा देखाइन्छ । अर्थात् शिरदेखि पाउसम्म जम्मा ५२ अङ्गुल हुने गर्छ । वामनका दुई हातमध्ये एउटामा कमण्डलु र अर्कोमा छाता लिएको देखाइन्छ । शिरमा मुकुट, चुल्ठो बनाइएको कपाल, कानमा कुण्डल, मृग वर्ण, यज्ञोपवित (जनै), कौपिन (लुँगी), काँधमा उपविता, साहिँली औँलामा कुशबाट निर्मित पवित्र धारण गरेको देखाइन्छ । उनलाई पुस्तक बोकेका ब्राह्मण वटुक (विद्यार्थी) को स्वरूपमा देखाइएको हुन्छ ।

कुनै कुनै मूर्तिमा वामनको स्वरूपलाई विरूपण पनि गरिएको पाइन्छ । त्यसमा उनलाई रोगी, वृद्ध, दुब्लो, पेट ठुलो भएको हाड र छालाले युक्त आदि रूपमा देखाइएको पाइन्छ । सन्ध्या खनालका अनुसार अग्निपुराणमा वामनको मूर्ति छत्र तथा दण्डले सुशोभित तथा चार भुजायुक्त बनाउनुपर्ने वर्णन गरिएको छ (अग्निपुराण, २०६०: ९७) ।

छत्र दण्डी वामनःस्याच्चतुर्भुजः ॥५॥
(अग्नीपुराण अ. ४९ श्लो. ५)

त्रिविक्रम मूर्तिमा विशेषतः तिन ओटा विभिन्न तवरले बायाँ पाउको अवस्थितिलाई प्रस्तुत गरिएको पाइन्छ – दायाँ घुँडा सम्मको, नाइटोसम्म र शिरसम्म लगेको अवस्थामा । मूर्तिमा यी तिन ओटै आसनमा त्रिविक्रमलाई पृथ्वीमाथि उभिएको अवस्थामा प्रस्तुत गरिन्छ ।

त्रिविक्रमको मूर्ति दस तालमा मापन गरिएको हुन्छ । यसअनुसार १२१ अङ्गुल हुनुपर्छ । त्रिविक्रमका चार वा आठ भुजाहरू (हात) हुनुपर्छ । तीमध्ये बायाँ एक हातमा शङ्ख, दायाँ एक हातमा चक्र, अर्को दायाँ हात माथि उठाइएको, र अर्को बायाँ हात माथि उठाइएको पाउसँगै समानान्तर हुन्छ । यसले मूर्तिको सन्तुलन कायम गरेको हुन्छ । यो दायाँ हातलाई अभय वा वरद मुद्राका रूपमा लिने गरिन्छ ।

मूर्तिमा आठ हात रहेका हुन्छन् । तीमध्ये पाँच हातमा शङ्ख, चक्र, गदा, सारङ्ग-धनुष, हलो रहेका हुन्छन् । त्यस्तै, अरू तिन हातहरू पहिले जस्तै (वरद वा अभय, समानान्तर) र दायाँ पाउले पृथ्वीमा मजबुतसँग टेकेको हुन्छ । बायाँ खुट्टा विश्व मापन मुद्रामा माथि लगिएको हुन्छ ।

आकृतिको रङ वर्षाको बादल जस्तो कालो देखाइएको हुन्छ । रातो कपडा र आभूषणबाट सजाइएका हुन्छन् । त्रिविक्रमको शिरमा छत्र ओढाइरहेका कल्पवृक्ष र इन्द्रका आकृति देखाइन्छ । अर्कोतर्फ वरूण र वायुले चमर हल्लाइरहेका र तिनका माथि दायाँ बायाँ क्रमशः सूर्य र चन्द्रका आकृतिहरू रहेका हुन्छन् । तिनका समीपमा सन्यासी र सनतकुमार रहन्छन् । माथि उचालिएको पाउलाई ब्रह्माले एक हातले अड्याई अर्को हातले कमण्डलुको पानीले पाउ धोएको देखाइन्छ । त्रिविक्रमको पाउबाट झरिरहेको पानीलाई हिउँ जस्तो सेतो रङमा देखाइन्छ ।

कुनै मूर्तिमा राहुको शिर पनि देखाइएको पाइन्छ । भगवान् शिवलाई त्रिविक्रमको नाभिको उचाइमा अञ्जली मुद्रामा आकाशमा बसेको देखाइन्छ । त्रिविक्रमको पाउ नजिकै नामुचि नामका राजा बलिका अनुचरलाई झुकेको (पाउ परेको) मुद्रामा देखाइन्छ ।

बायाँपट्टि दैत्यहरूका गुरू शुक्राचार्यलाई थामेको गरूड रहेको हुन्छ । शुक्राचार्यले बलिलाई सजग गराउँदै गरेका, वामनले छाता ओढिरहेका र बलिले स्वर्ण पात्रबाट जल अर्पण गर्दै सङ्कल्प गरिरहेको दृश्य देखिन्छ । बलिसँगै उनकी रानी विन्ध्याबलि रहेकी छिन् ।

शिल्परत्नअनुसार त्रिविक्रमले बायाँ पाउमा उभिएको र दायाँ पाउ मापन मुद्रामा माथि लगेको हुनुपर्छ । विष्णुधर्मोत्तर पुराणमा व्याख्या भएअनुसार त्रिविक्रमलाई डण्डा, पास, शङ्ख, चक्र, गदा र पद्म आदि आयुधहरूबाट सुसज्जित सुन्दर स्वरूपमा बनाउनुपर्छ ।

त्रिविक्रमको माथिल्लो पाउको समानान्तर हातको दिशासँगै ठुला खुलेका आँखा र मुखसहितको विरूप अनुहारका आकृति बनाइएको हुन्छ । यस मुखाकृतिका बारेमा सन्तोषजनक व्याख्या भएको पाइँदैन (Rao, 1914, p. 167) ।

ब्रह्माण्डपुराणमा उल्लेख भएबमोजिम वामनले त्रिविक्रमको रूप धारण गर्दा केही दैत्यहरू आकाशमा उछिट्टिएका थिए । सम्भवतः यो मुखाकृति त्यही उछिट्टिएका दैत्यको हुन सक्छ ।

अर्को प्रसङ्गअनुसार विष्णुविक्रान्तको आकाशको पाउसँगैको विकृत मुखाकृतिलाई आकाशको प्रतीक

आकाशभैरव मानेको पाइन्छ (वज्राचार्य २०३०, पृ. ६५) । मूर्तिमा श्रीलक्ष्मी लगायतका अन्य देव, दानव, नाग आदि पनि देखाइएको हुन्छ ।

## मूर्तिको विश्लेणात्मक विमर्श

मानदेवको अभिलेखसहितका दुई ओटा विष्णुविक्रान्त मूर्तिहरू अलग अलग स्थानमा पाइएका हुन् । तीमध्ये तिलगङ्गाको विष्णुविक्रान्तको मूर्तिमा घोडासहित चौध ओटा आकृति रहेका छन् भने लाजिम्पाटको मूर्तिमा घोडा, जम्वावन (भालु) सहित पन्ध्र ओटा आकृतिहरूको संरचना पाइन्छ । सानो आकारका मूर्तिमा पनि त्रिविक्रम विष्णुको केन्द्रीय आकृतिलाई बृहत् स्वरूपमा र अन्य आकृतिहरूलाई लघु आकारमा प्रस्तुत गरिनुलाई यी मूर्तिका विशेषता मान्न सकिन्छ ।

दुई मूर्तिबिच तुलनात्मक रूपले अध्ययन गर्दा तिलगङ्गाको मूर्ति फलकमा आकृतिहरु अलि छोटा देखिन्छन् । यी मूर्तिका ढुङ्गाको गुणस्तरमा समेत फरक पाइन्छ । तिलगङ्गाको मूर्ति रचना गरिएको प्रस्तर कडा, कालो, चमक आउने खालको रहेको छ । लाजिम्पाटको मूर्तिको प्रस्तर खैरो मिश्रित खरानी रङको कम चमकिलो बलौटे खालको रहेको पाइन्छ ।

राजा मानदेवले स्थापना गरेका यी दुवै मूर्तिमध्ये तिलगङ्गाको मूर्तिमा कपडामा कुँदिएका बुट्टाहरू, त्यसमा रहेका रेखाहरु लुगाको तन्काइअनुरूप प्रस्ट देखिएका छन् । अपितु लाजिम्पाटको विष्णुविक्रान्तको मूर्तिका कपडामा कुँदिएका बुट्टाहरू प्रस्ट रहेका छैनन् । धोतीका किनारामा बनेका बुट्टाहरु पनि मधुर खालका देखिन्छन् । मूर्तिमा बायाँ खुट्टा माथि उठाइएको छ, र दोस्रो हातलाई अलिकति अर्घलम्ब (खुम्चाएर) खुट्टासँग



*पशुपति तिलगङ्गा, विष्णुविक्रन्त, संवत् ३८९*

समानान्तर तर्जनी मुद्रामा लगिएको छ । हातको चोरऔंलाले दुष्ट तत्त्वप्रति औँल्याई सावधान गरेको छ, र अरू औँलाहरु हल्का रूपले मुठीभित्र घुमेका छन् ।

तिलगङ्गा स्थित राहुको आकृतिले त्रिविक्रमको पाउ छोएर सत्कार गरेको दृश्य देखाइएको छ । यसमा आकृतिलाई पृथक ढङ्गले रचना गरिएको छ । ठुल्ठुला आँखा र खोलिएको मुखलाई समग्रमा त्रिकोणाकार पारेर प्रस्तुत गरिएको छ । पाउको तलपट्टिबाट राहुको बायाँ हात सौम्य रूपमा देखाइएको छ ।

महाबलीपुरमको त्रिविक्रम मूर्तिमा ब्रह्माले दायाँ हातले पानी राखेको भनिए पनि दायाँ हात र ब्रह्माको आकृति देखिँदैन । सो आकृति आकाशभैरव हुनसक्छ भन्ने धनवज्र वज्राचार्यको तर्कका विरूद्ध विणा पौड्यालले भैरवको मूर्ति परम्परा पछि मात्र सुरू भएको भन्ने तर्क अगाडि सारेको देखिन्छ ।

नेपालकै फर्पिङको शिखरनारायण मन्दिरको त्रिविक्रम मूर्तिमा हात, कानमा कुण्डली, बादल

देखाइएको पाइन्छ । तर एउटै तिथिमितिको मानिएको तिलगङ्गाको मूर्ति र लाजिम्पाटको मूर्ति निकै हदसम्म मिल्दो देखिन्छ ।

भारतको महाबलीपुरमको गणेश रथमा उत्तरतर्फको पहाडको भित्ता काटेर त्रिविक्रमको मूर्ति बनाइएको छ । यस मूर्तिमा बह्माले विष्णुको पाउमा पूजा गर्न लागेको देखाइएको छ (Rao, 1914, p. 170) ।

प्रतापदित्य पालका अनुसार भारतको बदामीमा पछि बनेका उद्भृत मूर्तिलाई राहुको आकृति भनी पुष्टि गर्न खोजिएको देखिन्छ तर नेपाली कलाकारहरूले पाँचौं शताब्दीमा नै भागवत्पुराण अर्थात् वामनपुराणमा वर्णित आख्यानमा आधारित मूर्तिकला रचना गरिसकेका थिए (पृ. ३७) ।

यसैगरी लाजिम्पाटको मूर्तिमा पनि आकाश तत्त्व राहुको आकृतिले त्रिविक्रमको पाउ छोएर सत्कार गरेको दृश्य देखाइएको छ । तिलगङ्गाको आकृतिमा कपाल निउरो जस्तो घुम्रिएको, मुख कम उघारिएको अस्वाभाविक तवरले ठुला आँखा, नाक खिइएकाले अस्पष्ट लाग्ने आकृति तिलगङ्गाको मूर्तिका तुलनामा बढी कोमल देखिन्छ । यस मुखाकृतिलाई धनवज्र वज्राचार्यले आकाशको प्रतीक आकाशभैरव मानेका छन् (वज्राचार्य, २०३०, पृ. ६५) । गोबिन्द भट्टराईका अनुसार सो आकृति विष्णुका भक्त प्रह्लादको हुन सक्छ (पौड्याल, पृ. ६५) । मुकुन्द अर्यालका अनुसार भने यो ब्रह्माको क्रोधरूप हो (अन्तर्वाता, २०७५) ।

भारतका कतिपय मूर्तिमा ब्रह्माको आकृतिलाई पूरा देखाइएको पाइन्छ । सन्ध्या खनालका अनुसार सो आकृति राहुको हो । प्रतापदित्य पालका अनुसार विष्णुविक्रान्तको तर्जनी मुद्रामा रहेको तेस्रो हातले दुष्ट तत्त्वलाई सतर्क गराएको हो (पृ. ३३) ।




*त्रिविक्रम, आठौँ शताब्दी, एलोरा, भारत*

कुनै कुनै मूर्ति फलकमा दाँत ङिच्याएको र ाहुको मुखाकृति विष्णुविक्रान्तको माथि उठाइएको खुट्टासँगै देखाइएको पाइन्छ । समुद्र मन्थनबाट निस्केको अमृत पिएकाले
राहुको टाउको काटिएपछि शरीर मृत भए पनि टाउको भने जीवित नै रहेको प्रसङ्गलाई मनन गर्दा यो आकृति राहुको हुन सक्छ ।
पाचौं शताब्दीका यी दुवै मूर्तिमा राहुको टाउको अनुपातिक हिसाबले ठुलो
देखाइनुको तात्पय उसको आसुरी शक्तिलाई प्रदर्शन गर्नु रहेको देखिन्छ ।

तिलगङ्गाको त्रिविक्रम मूर्तिमा जम्वावनको आकृति नभएकाले यसमा चौध ओटा मात्र आकृतिहरु रहेका छन् । मूर्ति फलकमा गरूडको गलामा बनाइएको सर्प अनुपातिक रूपमा अलि ठुलो र पखेटाका प्वाँखहरु हल्का र टुप्पा माथितर्फ समानान्तर बाङ्गिएर गएका छन् ।

लाजिम्पाटको मूर्तिमा भने जम्वावनको आकृतिलाई विनीत मुद्रामा आकाशमा त्रिविक्रमको दाँयापट्टि घाँटीको तहमा गदा लिएको हातसँगै पर्ने गरी देखाइएको छ । लाजिम्पाटको मूर्तिमा भने गरूडको गलाको सर्प त्यति ठुलो देखिँदैन, र गरूडका पखेटाका प्वाँखहरूका टुप्पा माथितर्फ गई लयदार ढङ्गले घुम्रिएको भेडाको सिङ जस्तो भान हुन्छ ।

तिलगङ्गाको त्रिविक्रम मूर्तिको शिरका पछाडि प्रभामण्डलमा फरक रूपले शिरको दुवै कान पछाडि लम्ब बुट्टाहरूमा फुलजस्ता केही रेखाहरु रहेका छन् । यस्ता बुट्टेदार बनोट अन्य मूर्तिमा बनेको पाइँदैन । लाजिम्पाटको त्रिविक्रम मूर्तिमा



*त्रिविक्रम, छैटौँ शताब्दी, भारत*

शिरको पछाडी प्रभामण्डलको किनारामा मधुर बुट्टा देखापर्छन् ।

तिलगङ्गाको त्रिविक्रमको आकृतिको अग्र दायाँ हात वरद मुद्रामा बाँया खुट्टामा समेत छुवाएर अड्याइएको छ । बायाँ अग्रभागको हातको आयुध प्रस्ट नभए पनि अधिकांश मूर्तिमा धनुष लिएको पाइन्छ । हातको आसन पनि त्यही मुद्रामा रहेको भए पनि लामो धनु नभएर प्रतीकका रूपमा हो जस्तो लाग्ने गरी समाएको अवस्थामा रहेको छ । कमरबन्दीको फुर्काको प्रत्येक अंशका बिचमा अवतल रेखामार्फत फुर्कालाई न्यून उदृभृत पारिएको छ । त्रिशङ्कुको आकृतिमा लुगा र लुगाका बुट्टाहरु प्रस्ट देखिने मात्र नभएर यसको टाउको र खुट्टा तल पर्ने गरी कमरभन्दा तल तिघ्राको भाग माथि परेको छ ।

लाजिम्पाट त्रिविक्रमको अग्र दायाँ हात वरद मुद्रामा दायाँ खुट्टामा राखिएको भान हुन्छ । टुटेको हँदा अन्य मूर्तिको आधारमा अनुमान गर्न सकिन्छ । बायाँ अग्रभागको हातको आयुध प्रस्ट नभए पनि काँधमा धनुष बोकेको मुद्रामा रहेको छ । अधिकांश मूर्तिमा यस हातले धनुष बोकेको पाइनु र प्रतिमा विज्ञानको व्याख्याले पनि त्यसतर्फ सङ्केत गरेको देखिन्छ । यस हातको मुद्रा तिलगङ्गाको विष्णुविक्रान्तको मूर्तिसँग समान रहेको छ । कम्मरबन्दीलाई छ ओटा मुजामा फुर्का पारिएको देखिन्छ । त्रिशङ्कुको आकृतिमा कुनै कपडाको आभाष भएको जस्तो र तिघ्राको तल्लो भागमा हल्का ठाडो समानान्तर रेखाले मात्र कपडा हो जस्तो लाग्छ ।

तिलगङ्गाको त्रिविक्रम मूर्तिका दायाँ दुई हात टुटेकाले त्यसमा रहेका आयुधहरु देख्न सकिँदैन । सम्भवतः सबभन्दा माथिल्लो हात माथितर्फबाट अभय मुद्रामा र दोस्रोमा चक्र



*विष्णुविक्रान्त, तिलगङ्गा – बायाँ कान पछाडिको भाग*

रहेको कुरा सहज अनुमान गर्न सकिन्छ । त्यस्तै तेस्रो हातले गदा समाएको अनुमान गर्न सकिन्छ । चौथो हात वरद मुद्रामा रहेको छ । बायाँ हातहरूमध्ये माथिल्लोमा बुट्टेदार ढाल र ढालमा पछिबाट समानान्तर रेखात्मक गति देखाइएको छ । दोस्रो हातमा शङ्खको आकृति थियो भन्ने अनुमान गर्न सकिन्छ । मूर्ति विज्ञानमा पनि यस हातमा शङ्ख भएको वर्णन पाइन्छ । हातको नाडीमा बाला र केयूर लगाएको देखिन्छ । तेस्रो हात माथि उठाएको खुट्टासँग समानान्तर रूपमा चोरऔंला उठाएको र अन्य औंला खुम्चाएको अवस्थामा राहुको टाउकोतर्फ वा स्वर्गतर्फ औंल्याइएको जस्तो प्रतीत हुन्छ । चौथो हात छातीतर्फ धनुष बोकेको जस्तो देखिन्छ तर धनुषको आकार प्रस्ट छैन, र सानो छ ।

लाजिम्पाटको मूर्तिमा सबै हातका आयुधहरू तिलगङ्गाको मूर्तिमा जस्तै रहेको र दायाँ अघिल्लो हात वरद मुद्रामा रहेको छ । ढालमा भने तिलगङ्गाको मूर्तिमा जस्तो दुई तहमा देखाइएको छैन । मूर्तिको बायाँ तेस्रो हातले राहुलाई छोएको र औंला माथि ठाडो तर्जनी मुद्रामा रहेको देखिन्छ । दुवै मूर्तिहरू त्रिविक्रमले आयुधहरू समान रूपले नै धारण गरेको पाइन्छ ।

तिलगङ्गा विष्णुविक्रान्त मूर्तिमा घोडाको पछाडिपट्टि यज्ञका प्रतीक युप (मौलो) उभ्याइएको छ । यसमा डोरी जस्तो लाग्ने घुमाउरा रेखात्मक बुट्टा काटिएको छ । यो मूर्ति टुटेको र दायाँपट्टि माथिल्लो भागमा आयुध एवम् जाम्वावनसमेत देख्न नसकिने भएकाले यसको बारेमा यकिन गर्न कठिन पर्छ । तेस्रो हातको गदाको तलको टुप्पो मात्र देखिएको छ भने दोस्रो हातमा हुने चक्र भने हातसँगै टुटेको अवस्थामा छ । राहुको बढी नै खुलेको मुख मात्र देख्न सकिन्छ । दायाँ आँखा ठुलो खुलेको देखिन्छ भने बायाँ नाक फुटेको अवस्थामा रहेको छ । बिन्द्याबलीको आकृतिपछाडि बायाँ हातले गदा लिएको र दायाँ हात शिरदेखि माथि शरिरसँगै पछाडि झुकेको अलि अस्वाभाविक ढङ्गले पल्टिँदै गरेको आकृति रहेको छ । घोडा र घुँडा टेकेको आकृतिका बिचमा हात उठाएर रोक्न खोजेको आकृति दैत्य गुरू शुक्राचार्यको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ ।

लाजिम्पाटको मूर्तिको तुलनामा यस आकृतिको छातीको भागलाई कम देखाइएको छ । बायाँ पाखुरा पनि छोपिएको छ, र टाउको पनि ठुलो बनेको छ । अश्मेघ यज्ञको प्रतीक घोडा चनाखो अवस्थामा देखिन्छ । घोडाको घाँटीमा अलि तलपट्टि कपडा बाँधिएको छ । लाजिम्पाटको

मूर्तिमा अलि फरक तवरले गलाको माथि बाँधिएको छ ।

तिलगङ्गाको त्रिविक्रम मूर्तिमा कमलमा उभिएकी श्रीलक्ष्मीको आकृतिका कपडाको मुजा बुट्टा आदि प्रस्ट देखिन्छन् तर शिरको भाग टुटेकाले प्रस्ट बुझिंदैन । कमरदेखि पछाडि झुकेको देखिन्छ ।

लाजिम्पाटको विष्णुविक्रान्त मूर्तिमा पनि घोडाका पछिल्लोपट्टि यज्ञको प्रतीक मौलो रहेको छ । यो अलिकति बाङ्गो परेको र यसैमा राहुको हातले जल अर्पण गरेको जस्तो देखिन्छ । यस मूर्तिमा जाम्वावन, गदा सबै शकुशल रहेकाले एउटै कालका तिलगङ्गाको त्रिविक्रम मूर्तिमा पनि समान आयुधहरू हुनसक्ने अनुमानलाई सघाउ पुऱ्याउँछ । राहुको शिरको माथिल्लो कपालको भाग पूर्ण नभए पनि ठुलो क्षति भने भएको छैन । यसमा हल्का ओठ खुलेको आँखा ठुल्ठला तर अस्पष्ट, नाक पुरै खिइएर विलीन भएकाले सबै भावको जानकारी हुँदैन भने कपाल घुम्रिएको बुट्टेदार ढाँचामा बनाइएको छ । तिलगङ्गाको तुलनामा यसमा बिन्द्याबलीको आकृतिपछाडि घुँडा टेकेको बायाँ हातले तरवार लिएको र दायाँ हात शिरभन्दा माथि उठाइएको स्वाभाविक तथा सन्तुलित लाग्छ । घोडा र घुँडा टेकेका आकृतिका बिचमा हात उठाएर रोक्न खोजेका आकृति दैत्य गुरू शुक्राचार्यको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ । यो आकृति तिलगङ्गाको मूर्तिका तुलनामा बढी अनुपातिक देखिन्छ । अश्वमेघ यज्ञको प्रतीक घोडाको शिरमा आँखा अस्पष्ट खाल्टो जस्तो मात्र देखिन्छ । शिर उठाएको घोडा चनाखो देखिन्छ । यसमा शुक्राचार्य र घोडाको शिर मूर्तिमा समानान्तर उचाइमा प्रस्तुत गरिएको देखिन्छ । घोडाको गलामा कपडाको ध्वजा बाँधिएको छ, र तलतर्फ झुन्डिएको छ । तिलगङ्गाको मूर्तिमा अलि फरक रूपमा तल बाँधिएको देखिन्छ । कमलमा उभिएकी श्रीलक्ष्मीको आकृतिका कपडाको मुजा प्रस्ट देखिँदैन । शिर खिइएकाले अनुहारको भाव प्रस्ट बुझिँदैन । घुँडाबाट अलि झुकेको देखिन्छ । लक्ष्मीको खुट्टामा ठुला बाला लगाएको समेत देखिन्छ ।

यी दुई मर्तिहरूको तुलनात्मक अध्ययन गर्दा लाजिम्पाटको मूर्ति बढी लालित्यपूर्ण र स्वाभाविक देखिन्छ ।

## मूर्ति रचना शैलीको विश्लेषण

मूर्ति रचनाका दृष्टिले सामान्यतया समान देखिन्छन् । तथापि दुई मूर्ति रचनाबिच शैलीगत भिन्नताको झिनो रेखा तान्न सकिन्छ ।

यी मूर्तिका अतिरिक्त आठौं शताब्दीको चाँगुनारायणको र चौधौं शताब्दीको फर्पिङको विष्णुविक्रान्त मूर्ति पनि उद्‌भृत मूर्तिहरू हुन् । त्यस्तै भारतका बदामीको छैटौं शताब्दीमा बनेको र आठौं शताब्दीको एलोराका विष्णुविक्रान्त पनि उद्‌भृत शैलीमा बनेका छन् ।

लाजिम्पाट र तिलगङ्गाका दुवै मूर्तिलाई उद्‌भृत शैलीमा बनाइनु पछाडि कथानक वर्णन पनि प्रमुख कारण रहेको हुन सक्छ । प्राविधिक दृष्टिले डोलो आकारका मूर्तिमा यस्तो जटिल विषयवस्तुलाई अभिव्यक्त गर्नु कठिन हुनु स्वाभाविक नै थियो । मानदेवले स्थापना गरेका यी दुई मूर्तिहरूका कुँदाइमा मात्र अलिकता अन्तर छ । मूर्तिका पादपिठमा लेखिएका अभिलेख उही एउटै हो (वज्राचार्य, २०३०, पृ. ३५) ।

यी दुई मूर्तिमा दृश्यमान शैलीगत भिन्नताका हिसाबले दुवै मूर्तिका मूर्तिकार एउटै नभएको स्पष्ट आँकलन गर्न सकिन्छ । मूर्ति रचनाका लागि उपयोग गरिएका प्रस्तरको गुणस्तरमा पनि भिन्नता पाउन सकिन्छ ।

अभिलेखअनुसार दुवै मूर्ति एउटै समयमा बनाइएका र तिनलाई मानदेवले नै स्थापना गराएकामा कुनै शङ्का रहेको छैन् । वज्राचार्यले पशुपति तिलगङ्गा स्थित विष्णुविक्रान्तको मूलपाठको टिपोटमा संवत् ३८९ चाँहि छुटाएको देखिन्छ । वज्राचार्यको अभिलेखमा तिथि, महिना भए पनि संवत् नपर्नुले सो मूलपाठकै भरमा हेर्दा फरक सालमा सोही तिथि महिना पारेर त मूर्ति राखिएन भन्ने जिज्ञासाले थप अनुसन्धानको विषय बनाएको देखिन्छ ।

प्रतापदित्य पालले यी दुवै मूर्ति एउटै मितिमा नबनेको शङ्का प्रकट गरेका छन् (पौड्याल, २०६२, पृ. ६६) । अपितु पालको पुस्तकमा एउटै मितिमा बनेको पुष्टि हुने गरी विश्लेषण गरिएको देखिन्छ (Vaisnava Iconology in Nepal, Fig. 7 and Fig. 8) ।

मोहन खनालका अनुसार पशुपति तिलगङ्गाको मूर्ति लाजिम्पाटको मूर्तिका दाँजोमा कम उम्दा छैन । शैली, प्रस्तुति र भावभङ्गिमाका दृष्टिले यो मूर्ति पनि उत्तिकै उत्कृष्ट रहेको छ । यसमा प्रयोग भएका आभूषण, आयुध लिएको स्थिति र वस्त्रलाई हेर्दा लाजिम्पाटमा प्राप्त विष्णुविक्रान्तको मूर्तिसँग बिल्कुलै मेल खान्छ (२०५२, पृ. १११) । खनालले सामान्य विषयवस्तु र प्रस्तुतिमा मात्र ध्यान केन्द्रित गरेको देखिन्छ । संरचना र आकृतिका अनुपातको बनोटबारे उनले चर्चा गरेको पाइँदैन । यथार्थमा यी दुई मूर्तिका आकृतिहरूमा निकै ठूलो अन्तर देख्न सकिन्छ ।

विष्णुविक्रान्त मूर्तिमा दृश्यमान शैली, भाव, गुण, प्रस्तृति एवम् संयोजनका कारणले गर्दा यस रचनालाई स्मारकीय गुणले भरिपूर्ण प्राचीन कलाकृतिका रूपमा लिन सकिन्छ ।

**निष्कर्ष**

अभिलिखित विष्णुविक्रान्त मूर्तिहरू राजा मानदेवद्वारा स्थापित वैष्णव धर्म दर्शनमा आधारित विष्णु विभवका उद्भृत प्रस्तर मूर्तिहरू हुन् । एउटै विषयवस्तु एवम् तिथिमितिमा रचित उल्लिखित मूर्तिका कौशलमा भने केही पृथकता देखिन्छ । श्रीमद्भागवत महापुराण, विष्णुधर्मोत्तरपुराण, मत्स्यपुराण आदि धार्मिक ग्रन्थहरूमा उल्लिखित बलिहरण कथा एवम् आख्यानका आधारमा मूर्तिहरू रचना भएका छन् । आख्यानअनुसार लोकल्याणका लागि विष्णु विभवका प्रकरणमा वामन अवतारको प्रसङ्गसँग सम्बन्धित रहेको पाइन्छ । विणुविक्रान्तका मूर्तिहरू लिच्छविकालिन अभिलेखसहित प्राप्त भएकाले तिनले ऐतिहासिक एवम् धार्मिक महत्त्व बोकेका छन् ।

धार्मिक विषयका तिथिमिति र उद्देश्यसहितका मूर्तिहरूमा एउटा मूर्ति पशुपतिको तिलगङ्गामा उचित संरक्षणको पर्खाइमा रहेको छ भने अर्को लाजिम्पाटमा स्थापना गरिएको मूर्ति हाल राष्ट्रिय सङ्ग्रहालयको सङ्कलनमा रहेको छ ।

चाँगुनारायण मन्दिर परिसरमा रहेको आठौं शताब्दीको विष्णुविक्रान्त मूर्ति र मन्दिरको काष्ठ टुँडालमा कुँदिएको विष्णुविक्रान्तको तिन पाउमा त्रिलोक नाप्न लागेको मूर्ति फरक माध्यम र शैलीमा बनाइएको पाइन्छ । त्यसैगरी चौधौं शताब्दीको फर्पिङको शिखरनारायण मन्दिरको प्रस्तरमा उद्भृत विष्णुविक्रान्त मूर्तिमा विषयवस्तुको समानता देखिन्छ भने शैली भने नितान्त फरक रहेको छ । त्यसैगरी भारतका विभिन्न स्थानमा प्राप्त मूर्तिहरूका विषयवस्तुमा समानता एवम् रचना शैलीमा पृथकताका आधारमा कलाकारको भावना र समकालीन मनोविज्ञानको अनुमान गर्न समेत सकिन्छ ।

लिच्छविकालिन अभिलिखित विष्णुविक्रान्त अर्थात् त्रिविक्रम वामन मूर्तिहरु एउटै विषयवस्तुमा आधारित छन्, तथापि शैलीगत दृष्टिले ती केही पृथक देखिन्छन् । विष्णुविभव मूर्ति ऐतिहासिक धार्मिक एवम् स्मारकीय मूर्ति हुन् । मूर्तिमा विष्णुलाई स्मारकीय स्वरुपमा चित्रण गरिएको पाइन्छ ।

विष्णुकै वामन स्वरुपको ठिक विपरीत यी मूर्तिमा पौराणिक घटनालाई केन्द्रमा राखी तिन ओटै लोक नाप्ने त्रिविक्रम विष्णुको विशाल स्वरुपको चित्रण गरिएको छ । कथाअनुसार विष्णुको पराक्रम र दैत्यराजको निरीहताको अभिव्यक्ति यी मूर्तिका विशेषता हुन् । हाल राष्ट्रिय सङ्ग्रहालयको सङ्कलनमा रहेको त्रिविक्रम वामनको मूर्ति कलात्मक दृष्टिले तिलगङ्गा स्थित त्रिविक्रम मूर्तिभन्दा उत्कृष्ट बनेको देखिन्छ ।

### सन्दर्भ सामग्री


खनाल, मोहन प्रसाद (२०५२) । नेपाली कला, ललितपुर : साझा प्रकाशन ।

खनाल पराजुली, सन्ध्या (२०७५) । प्रतिमा लक्षण, काठमाडौं : रत्न पुस्तक भण्डार ।

बाङ्गदेल, लैनसिंह (२०३९) । प्राचीन नेपाली मूर्तिकलाको इतिहास, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

बाङ्गदेल, लैनसिंह (२०३४) । प्राचीन नेपाली चित्रकला, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पौड्याल, वीणा (२०६२) । काठमाडौ उपत्यकाका विष्णुविभव मूर्ति र चित्रहरु सङ्क्षिप्त अध्ययन, काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय ।

मिश्र, इन्दुमति (१९८७) । प्रतिमा विज्ञान, भोपाल : मध्यप्रदेश हिन्दी अकादमी ।

वज्राचार्य, धनवज्र (२०३०) । लिच्छविकालका अभिलेख, काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

विष्णुविक्रान्त (२०७४ फागुन ३) । काठमाडौं : राष्ट्रिय सङ्ग्रहालय ।

Aryan, L. (1974). The art of Nepal. Kathmandu: Sahayogi Prakashan.

Banerjea, J. N. (1985). The Development of Hindu Iconography (4th ed.). New Delhi: Muns Hiram Manoharalal Publishers Pvt.ltd.

Pal, P. (1974). The Art of Nepal. Leiden: E. J. Brill, Leiden, Netherlands.

Pal, P. (n.d.). Vaisnava Iconology in Nepal. Calcutta: The Asiatic society.

Rao, T. G. (1914). Element of Hindu Iconography (Vol. I). Madras: Government of His Highness the Maharaja of Travancore.

Sharma, B. N. (1968, September-December). Visnu-Triviram in Literature, Art and Epigraphs. Istituto Italino per l'Africa e l'Oriente (IsIAO), 18(3/4), 323-334. Retrieved 03 04, 2019, from https://www.jstor.org/stsble/297555341





***ओम खत्री***

*सन् १९६९ मा बागलुङमा जन्मेका ओम खत्री अन्तर्राष्ट्रिय स्तरमा स्थापित आधुनिक नेपाली मूर्तिकारका रूपमा सुपरिचित छन् । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा आयोजित अनेकौँ मूर्ति कार्यशाला र गोष्ठीहरूमा भाग लिइसकेका खत्री समसामयिक नेपाली मूर्तिकारहरूको संस्था 'आरम्भ' का संस्थापक अध्यक्ष हुन् । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको प्राज्ञ परिषद्को सदस्य रहिसकेका उनी हाल ललितकला क्याम्पस, त्रि. वि. मा उपप्राध्यापकका रूपमा कार्यरत छन् ।*